जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक ५३ २०८१ साल असोज २ गते बुधबार (18 Sep. 2024 Wednesday) मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : संविधान संशोधनमा महिलाका... ३ पृष्ठमा : बालश्रम शोषण ऐनको... ३ पृष्ठमा : नाइजेरियामा बाढीका कारण ...

## जसपा नेपालले संविधान दिवसमा विरोध गर्ने

**दैनिक समाचारदाता**
**राजविराज, १ असोज ।**

जनता समाजवादी पार्टी नेपालले असोज ३ गतेको संविधान दिवसमा भाग नलिने भएको छ ।

पार्टीका अध्यक्ष उपेन्द्र यादवले मंगलबार सामाजिक सञ्जाल फेसबुकमार्फत सरकारले घोषणा गरेको संविधान दिवसमा भाग नलिने



र विरोध गर्ने जनाइएको छ ।

यस्तै संविधानमा रहेका विभेदकारी एवम् त्रुटिपूर्ण प्रावधानहरू परिवर्तनका लागि दबाब दिन सो दिन विभिन्न प्रकारका कार्यक्रम आयोजना गर्ने सामाजिक संजाल मार्फत बताएका छन् ।

संविधान सच्याउन यसको संशोधन, परिमार्जन र पुनर्लेखन गरी संघीय संरचना, शासकीय स्वरूप, निर्वाचन प्रणाली, जनसङ्ख्याका आधारमा समानुपातिक प्रतिनिधित्व, राष्ट्रिय पहिचानको मान्यता, न्यायपालिकाको संरचनागत परिवर्तन लगायतका परिवर्तनहरू गरी संविधान सबै समुदायका मानिसहरूले स्वामित्व लिन सक्ने हुनुपर्ने यादवको भनाइ छ ।

## पोखरीमा डुबेर दुई बालबालिकाको मृत्यु

**दैनिक समाचारदाता**
**सिरहा, १ असोज ।**

सिरहामा मंगलबार भएको छुट्टाछुट्टै घटनामा पोखरीमा डुबेर दुई बालबालिकाको मृत्यु भएको छ ।

कर्जन्हा नगरपालिका ४ बस्तिपुरका सुमित लामाको ३ वर्षीय छोरा ३ नुरगेन लामाको सोही ठाउँको पोखरीमा डुबेर मंगलबार अपराह्न मृत्यु भएको हो ।

डुबेर बेहोस भएका उनको कर्जन्हास्थित फुलकुमारी मेमोरियल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

यसैगरी जिल्लाकै औरही गाउँपालिका ५ मा रहेको सार्वजनिक पोखरीमा डुबेर स्थानीय सजिबुल खानकी ३ वर्षीया छोरी अलिया खातुनको मंगलबार अपराह्न मृत्यु भएको छ ।

नुहाउने क्रममा पोखरीमा डुबेर बेहोस भएकी उनको प्रादेशिक अस्पताल सिरहामा उपचारको क्रममा मृत्यु भएको प्रहरीको भनाइ छ ।

दुवै घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

## 'देशभर क्यान्सरसम्बन्धी जनचेतना फैलाउन जरुरी छ'

काठमाडौँ, १ असोज (रासस) ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले देशभर क्यान्सरसम्बन्धी जनचेतना फैलाउन जरुरी रहेको बताउनुभएको छ ।

नेपालमा क्यान्सरका क्षेत्रमा क्रियाशील अर्बुद रोग निवारण संस्थाको ४२औँ वार्षिकोत्सवको सोमबार यहाँ उद्घाटन गर्दै मन्त्री खड्काले पछिल्लो समय क्यान्सरका बिरामी बढ्दै गएको भन्दै क्यान्सरलाई कम गर्न देशभर यससम्बन्धी जनचेतना फैलाउन जरुरी रहेको उल्लेख गर्नुभयो । क्यान्सरसम्बन्धी जनचेतना फैलाउने काममा अर्बुद रोग निवारण संस्थाले महत्वपूर्ण भूमिका खेलेको उहाँले बताउनुभयो ।

मन्त्री खड्काले देशभरि क्यान्सरका बिरामीको उपचारको थलो बनेको भक्तपुर क्यान्सर अस्पतालको स्थापना र सञ्चालन महत्वपूर्ण कार्य रहेको भन्दै प्रशंसासमेत गर्नुभयो ।

नेपाल वायुसेवा निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले क्यान्सरका क्षेत्रमा संस्थाले गरेको योगदानको प्रशंसा गर्दै आगामी दिनमा पनि संस्थासँग सहकार्य गरेर अघि बढ्ने बताउनुभयो ।

संस्थाका अध्यक्ष महेश श्रेष्ठले क्यान्सर जस्तो प्राणघातक रोगको उपचार सेवा सुलभ बनाउन सरकारसँग माग गर्नुभयो । उहाँले अर्बुद रोग संस्था क्यान्सर रोगविरुद्ध सचेतना फैलाउने भन्दै उपचारको क्षेत्रमा ४२ वर्षदेखि निरन्तर लागिरहेको उहाँले जानकारी दिनुभयो ।

संस्थाका महासचिव दीपेन्द्र वान्तवाले हाल देशका ४८ जिल्ला शाखामा रहेका १५ हजारभन्दा बढी स्वयंसेवकले क्यान्सरबारे सचेतना अभियानमा महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो । आगामी दिनमा देशभर स्वयंसेवकमार्फत जनचेतना अभियान सञ्चालन गर्ने तयारी गरिरहेको उहाँले जानकारी दिनुभयो ।

कार्यक्रममा क्यान्सरसम्बन्धी उपचारमा संलग्न नौ जना चिकित्सकलाई सम्मान गरिएको थियो । साथै नेपाल अर्बुद रोग निवारण संस्थाद्वारा प्रकाशित स्मारिका मन्त्री खड्काले विमोचन गर्नुभएको थियो ।

## एक सय ५० किलो गाँजासहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**महोत्तरी, १ असोज ।**

प्रहरीले महोत्तरीको रामगोपालपुर नगरपालिका वडा नं. ५ बाट एक सय ५० किलो लागुऔषध गाँजासहित दुई जनालाई पक्राऊ गरेको छ ।

धादिङ धुनीबेँसी नगरपालिका-६ बस्ने ३० वर्षीय सञ्जीप खत्री र चितवन खैरेनी नगरपालिका- १ बस्ने १८ वर्षीय सुदिप अधिकारीलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक सन्तुलालप्रसाद जैसवारले जानकारी दिएका छन् ।

पक्राउ परेका उनीहरू क्रमशः बा प्र ०१-०२६च १३३६ नम्बरको पिकअपको चालक र सहचालक हुन् ।

उनीहरूले सोमबारराति पिकअपमा त्रिपालभित्र लुकाएर १० पोका गाँजा सदरमुकाम जलेश्वरतिर लैजाँदै गरेको गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी र इलाका प्रहरी रामगोपालपुरको संयुक्त टोलीले पक्राउ गरेको हो ।

## नागरिकता समस्या समधान गर्न अध्ययन समिति गठन

काठमाडौँ, १ असोज (रासस) ।

गृह मन्त्रालयले नागरिकता समस्या समधानका लागि अध्ययन समिति गठन गरेको छ । गृह मन्त्रालयको नीति, योजना अनुगमन तथा मूल्याङ्कन महाशाखाका प्रमुख टोकराज पाण्डेको संयोजकत्वमा सोमबार पाँच सदस्यीय समिति गठन गरिएको हो ।

समितिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव, कानुन मन्त्रालयका उपसचिव, गृह मन्त्रालयको कानुन महाशाखाका प्रतिनिधि र नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखाका उपसचिव सदस्य रहने छन् । समितिलाई आगामी असोज १५ गते भित्र अध्ययन प्रतिवेदन पेस गर्न समय सीमा दिइएको छ । समितिलाई वर्तमान समयमा नागरिकले भोगिरहेका समस्याको पहिचान गर्न कार्यदेश दिइएको गृह मन्त्रालयले जनाएको छ ।

साथै उक्त समस्याको समाधानमा विद्यमान कानुनी व्यवस्थाको विश्लेषण तथा समाधानका लागि सुधार गर्नुपर्ने ऐन, नियमावली र कार्यविधिलगायतका विषयमा सुझाव दिन भनिएको छ । समितिले आवश्यकता अनुसार नागरिकता सम्बन्धि समस्यामा परेका व्यक्ति तथा विषय विज्ञलाई आमन्त्रित गर्न सक्ने छ ।

यसअघि गृह मन्त्रालयमा सोमबार गृहमन्त्री रमेश लेखकको उपस्थितिमा नेपाली नागरिकता प्रमाणपत्र जारी तथा व्यवस्थित गर्ने कार्यविधि, २०८१ को मस्यौदामाथि छलफल भएको थियो ।

## तथ्यहीन प्रचारबाजी नगर्न युट्युबरलाई काउन्सिलको दिर्नेशन

काठमाडौँ, १ असोज (रासस) ।

प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले हचुवा र तथ्यहीन प्रचारबाजीमा नलाग्न युट्युबहरूलाई निर्देशन दिनुभएको छ ।

अध्यक्ष बस्नेतले नकरात्मकता त्यागेर सफलताका लागि रचनात्मक पहल लिन सबैलाई आग्रह गर्नुभयो । सोमबार काउन्सिलमा आयोजित एक कार्यक्रममा उहाँले युट्युब र अनलाइन सञ्चार माध्यम हावा सूचनाको पछि लाग्नु प्रेस स्वतन्त्रताको दुरुपयोग हुने समेत बताउनुभयो । उहाँले भन्नुभयो, "सामाजिक सञ्जालको सदुपयोग भए देश बन्छ । हावा कुराको पछि लाग्नु, अफवाह र भ्रम फैलाउनु दुरुपयोग हो ।"

मिडियाको गलत प्रस्तुतिका कारण सिङ्गो समाजमा गलत भाष्य स्थापित भएको भन्दै काउन्सिलले केही महिनादेखि रचनात्मक पत्रकारितालाई अभियानकै रुपमा बहस चलाएको छ । काउन्सिलले बोर्ड बैठकबाट अबको पत्रकारिता समाधानमुखी र रचनात्मक हुनुपर्ने र त्यसलाई देशव्यापी बनाउने निर्णय भएको थियो ।

युट्युवसहित सामाजिक सञ्जालमा देखिएका बेथिति रोक्न काउन्सिलले यस्तो अभियान थालेको हो । प्रेस काउन्सिलले पछिल्लो समयमा एकपक्षीय, आधारहीन र तथ्यहीन सूचना सम्प्रेषण गर्ने युट्युबसहितका मिडियालाई कानुनी कारवाही गर्दै आएको छ ।

## सामाजिक सञ्जालमार्फत अराजक गतिविधि गरेको आरोपमा एक पक्राउ

पर्सा, १ असोज (रासस) ।

प्रहरीले सामाजिक सञ्जालमार्फत अराजक गतिविधि फैलाएको आरोपमा एक जनालाई पक्राउ गरेको छ । वीरगञ्ज महानगरपालिका-१५ लक्ष्मण वा भन्ने २१ वर्षे ओमकुमार पटेललाई प्रहरीले सार्वजनिक शान्तिविरुद्धको कसुरमा मंगलबार पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक दीपक भारतीले पटेलले सामाजिक सञ्जाल फेसबुक, टिकटक, ट्वीटर, ह्वाट्सएप लगायतमा 'किङ्स अफ

*बाँकी अन्तिम पृष्ठमा*

नेपालको संबिधानका मुख्य विशेषताहरू

- जननिर्वाचित संविधानसभाबाट जारी भएको पहिलो संविधान,
- सार्वभौमसत्ता एवम् राजकीय सत्ता नेपाली जनतामा निहित,
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था,
- संसदीय शासन प्रणाली, स्वतन्त्र न्यायपालिका,
- धर्मनिरपेक्षता तथा समावेशीकरणको सिद्धान्तलाई आत्मसात,
- आवधिक, प्रत्यक्ष र समानुपातिकसहितको मिश्रित निर्वाचन प्रणाली,
- मानव अधिकार र विधिको शासनको प्रत्याभूति,
- संविधानवाद एवम् लोकतान्त्रिक मुल्यमान्यतामा आधारित ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# साझा प्रकाशनमा १५ दिने विशेष पुस्तक प्रदर्शनी

ललितपुर, १ असोज (रासस)।

"कालजयी कृति, पाठकका निम्ति" भन्ने नाराका साथ साझा प्रकाशनमा विशेष पुस्तक प्रदर्शनी सुरु भएको छ। साझा प्रकाशनका पूर्वमहाप्रबन्धक तथा प्रमुख सल्लाहकार डा तुलसी भट्टराईले मंगलबार केन्द्रीय कार्यालय पुलचोकमा प्रदर्शनीको उद्घाटन गर्नुभयो।

प्रदर्शनीको उद्घाटन पश्चात् डा भट्टराईले पढ्ने संस्कृति हराउँदै गएको वर्तमानयुगमा पुस्तक प्रदर्शनीले ठूलो योगदान पुऱ्याउने बताउनुभयो। "विद्यालय, महाविद्यालय, क्याम्पसले विद्यार्थीलाई यस्ता प्रदर्शनीमा सहभागी गराउन सके राम्रो हुन्छ, यसले पुस्तकको सार्थकता वृद्धि हुनुका साथै लेखकलाई परिचित गराउन मद्दत पुऱ्याउँछ", उहाँले भन्नुभयो।

उहाँले पठन संस्कृतिको विकास हुनु भनेको शिक्षाको विकास हुनु भएको बताउनुभयो। शिक्षा र संस्कृतिमा मुलुक समृद्ध नभएसम्म आर्थिक समृद्धिले मात्रै पर्याप्त हुन नसक्ने उहाँको धारणा थियो।

साहित्यकार डा माया ठकुरीले साहित्यकारका लागि पुस्तक प्रदर्शनी हुनु ठूलो उपलब्धि भएको बताउनुभयो। डिजिटल युगमा पुस्तक प्रदर्शनी हुनु सकारात्मक पाटो भएकाले पुस्तकको माध्यमबाट साहित्यकारको पहिचान स्थापित हुने उहाँको भनाइ थियो।

साझा प्रकाशनका अध्यक्ष डा विजय सुब्बाले लामो समयसम्म बजारका पसलमा आँखा नपरेका पुस्तक पनि प्रदर्शनीमा रहेको जानकारी दिनुभयो। उहाँले यो प्रदर्शनी पाठक र साहित्यकारलाई नजिक बनाउने माध्यम भएको बताउनुभयो।

आर्थिक समस्याको चपेटामा रहेको साझा प्रकाशनलाई प्रदर्शनीले केही मात्रामा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ। पठन संस्कृति विकासका लागि मंगलबार देखि सुरु प्रदर्शनी १५ गतेसम्म सञ्चालन हुने साझा प्रकाशनका प्रशासकीय सहायक सुशील अधिकारीले जानकारी गराउनुभयो।

साझाको केन्द्रीय कार्यालय पुल्चोक र देशभरका बिक्री कक्षमार्फत २० देखि ८० प्रतिशतसम्म छुटका साथ पुस्तक बिक्री गरिने उहाँको भनाइ छ। प्रदर्शनीमा साझा प्रकाशनका दुई हजार दुई सय र अन्य प्रकाशनका गरी करिब पाँच हजार पुस्तक प्रदर्शनीमा राखिएको छ।

साझा प्रकाशन नेपालको पुरानो प्रकाशन गृह हो। यस संस्थामा नेपाल सरकारको ६० प्रतिशत र बाँकी ४०% शेयर साहित्यकार, पत्रकार, शिक्षासेवीसहित सर्वसाधारणको छ।

# 'भूमि अधिकारसम्बन्धी समस्या समाधानमा सरकार प्रतिबद्ध'

काठमाडौं, १ असोज (रासस)।

नेकपा (एमाले) का महासचिव शङ्कर पोखरेलले भूमि अधिकारका दृष्टिले अबका तीन वर्ष महत्वपूर्ण हुने बताउनुभएको छ।

ललितपुर, च्यासलस्थित एमाले पार्टी कार्यालयमा सोमबार भूमि अधिकार तथा श्रमिक सङ्गठन, नेपालको स्थापना दिवस तथा प्रथम केन्द्रीय परिषद् बैठकलाई सम्बोधन गर्दै उहाँले भूमि अधिकारसम्बन्धी समस्या समाधानमा प्रतिबद्ध भएर सरकारले काम अगाडि बढाएको बताउनुभयो।

भूमि समस्या समाधान गर्नुपर्छ भन्ने मान्यतामा एमाले स्पष्ट रहेको उल्लेख गर्दै महासचिव पोखरेलले सरकारले चाँडै भूमि आयोग गठन गरेर समस्या समाधान गर्ने बताउनुभयो।

उहाँले एमालेले विगतमा भूमिसम्बन्धी समस्या समाधान गर्न खोज्दा कानुनी जटिलता सिर्जना भएको र अदालतले काम रोकिदिने तीतो अनुभव रहेको बताउनुभयो। महासचिव पोखरेलले भूमि आयोग गठन गरी भूमि अधिकारसम्बन्धी समस्या समाधानमा एकपटकका लागि भनेकाले अब गठन हुने आयोग अन्तिम हुने हुँदा भूमिहीन, सुकुम्बासी कोही वञ्चित नहुने बताउनुभयो।

उहाँले सबै मिलि भूमिहीन, सुकुम्बासीलाई प्रक्रियामा सामेल गराउन आग्रह गर्नुभयो। महासचिव पोखरेलले दुई ठूला पार्टी मिलेर बनेको सरकारलाई काम गर्न नदिने गरी घेराबन्दीको प्रयास भइरहेको उल्लेख गर्दै भूमि अधिकारको विषयलाई अगाडि बढाउने र समाधान गर्ने सन्दर्भमा प्रभाव पार्ने गतिविधि हुनसक्ने भन्दै सचेत गराउनुभयो।

भूमि अधिकार तथा श्रमिक सङ्गठनका अध्यक्ष शान्ता चौधरीले वर्तमान सरकारले भूमिको समस्या समाधान गर्नेमा विश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा पार्टीका स्थायी कमिटी सदस्य काशीनाथ अधिकारी, भानुभक्त ढकाल, केन्द्रीय अनुशासन आयोगका अध्यक्ष केशव बडाल, पोलिटब्यूरो सदस्य सुजिता शाक्यलगायतको सहभागिता रहेको थियो।

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# संविधान संशोधनमा महिलाका मुद्दा

**डा डिला संग्रौला**

काठमाडौं, १ असोज (रासस)।

नेपालमा यतिबेला संविधान संशोधनको औचित्य र सान्दर्भिकताबारे बहस भइरहेको छ। संविधानसभाले निर्माण गरेको नेपालको नयाँ संविधान जारी भएको आठ वर्ष पूरा भइसकेकाले संशोधनको बहस हुनु अस्वभाविक होइन। सामान्यतया संविधान जारी भएको १० वर्षभित्र संशोधन गर्ने परम्परा छ। ठूला दुई राजनीतिक दल नेपाली कांग्रेस र नेकपा एमालेबीचको समीकरण पनि संशोधनकै लागि भएको दावा गरिएको छ।

संविधानको धारा २७४ मा नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल हुने गरी संविधान संशोधन गर्न नसकिने तर अन्य विषयमा प्रक्रिया पुऱ्याएर संशोधन गर्न सकिने उल्लेख भएकाले संशोधनमा प्रशस्त गृहकार्य गर्नुपर्ने स्पष्ट छ। संशोधनका विषयमा विभिन्न निकायहरुले उठाएहेको मुद्दामा अध्ययन पनि जरुरी छ। दलहरुले संविधान पुनरावलोकन कि संशोधन भन्ने विषयमा अझै स्पष्ट गरिसकेका छैनन्। यसका लागि हालसम्म सामान्य गृहकार्य पनि प्रारम्भ भएको छैन। त्यसैले के के विषयमा संशोधन आवश्यक छ भन्ने विषयमा सत्ता साझेदार दलहरुले तत्काल गृहकार्य थाल्नुपर्छ।

पहिलोपटक २००४ सालमा राणा प्रधानमन्त्री पद्मशमशेर जबराले 'नेपाल सरकारको वैधानिक कानुन २००४' भनेर राज्यको वैधानिक कानुन जारी गरेको लगभग ७६ वर्ष नाघेको छ। यो अवधिमा सातवटा संविधानले देशको मूल कानुनको रुपमा मान्यता पाएपनि देशले संवैधानिक स्थायित्व पाउन सकेको छैन्। २०६४ र २०७० सालमा भएको संविधानसभाको चुनावले २०७२ असोज ३ गते वर्तमान 'नेपालको संविधान २०७२' जारी भएर कार्यान्वयनमा आए पनि यसमा प्रशस्त त्रुटीहरु देखिएका छन्। संविधानका धाराहरूको अस्पष्टताका कारण पटक पटक समस्याहरु निम्तिरहेको छ।

राजनीतिक दलहरुले संशोधनका साझा मुद्दामा सहमति जनाए संविधान संशोधन असहज विषय होइन। यद्यपि संवेदनशील विषय भने अवश्य हो तर असम्भव भने छैन। नेपाली कांग्रेस- नेकपा (एमाले) दुई दलबीच भएको ७ बुँदे सहमतिमा संविधान संशोधनको विषयले प्रवेश पाइसकेको छ। नेपालीका कतिपय असन्तुष्टि र अपेक्षालाई संविधान संशोधनमार्फत सम्बोधन गर्ने अवसर मुख्य दुई दलले पाएका छन्। त्यसैले दुई दलले अवसरको सदुपयोग गरेर ०८४ को निर्वाचनमा जनताबाट पुनः अनुमोदित हुने सौभाग्य गुमाउन हुँदैन। ऐतिहासिक अवसरको उपयोग गर्न ढिला गर्न हुँदैन।

संविधान संशोधनको विषय उठिरहेका बेला नेपाली समाजमा उत्पिडनमा परेका वर्गहरुले आफ्ना अधिकार र अवसरको सुनिश्चितता खोजिरहेका छन्। संविधानप्रति असन्तुष्ट कतिपय राजनीतिक दलले पछाडि पारिएका वर्ग, समुदायको अधिकार सुनिश्चित गर्न संविधान संशोधन आवश्यक रहेको औंल्याइरहेका बेला महिलाहरुको मुद्दालाई पनि प्राथमिकतामा राख्नु जरुरी छ। संविधानमा व्यवस्था भएको शासकीय स्वरूप, निर्वाचन प्रणाली, संविधानले व्यवस्था गरेका राज्य संयन्त्रहरूको खर्चिलो र भडकिलो शैलीप्रति धेरै नागरिकले असन्तुष्टि जनाइरहेका बेला नीति र नेतृत्व बनाउने ठाउँसम्म महिलाहरुको समानुपातिक समावेशी अर्थपूर्ण प्रतिनिधित्व हुनु पर्छ भन्ने सवाल जोडतोडले उठिरहेको छ। राज्यको हरेक निकायमा महिलाको ५० प्रतिशत सहभागिता अनिवार्य गरिनुपर्ने आवाज बुलन्द भइसकेको छ। पदाधिकारीमा ३३ प्रतिशत महिलाको हक सुनिश्चित गरी महिलाको लागि प्रत्यक्ष निर्वाचन क्षेत्र निर्धारण गर्नुपर्ने माग पनि उठिरहेको छ।

संविधान बनेपछि नागरिकताको ऐनमा आमाको नाममा नागरिकता प्राप्त गर्न विभिन्न प्रावधानले समस्या निम्त्याएको छ। त्यस्तै वैवाहिक अङ्गीकृत नागरिकताको सन्दर्भमा पुरानै व्यवस्थाले निरन्तरता पाइरहेको छ। यसका कारण विभिन्न व्यावहारिक समस्याहरु निम्ताएको छ। निजामती सेवामा ३३ प्रतिशत महिला प्रतिनिधित्वको व्यवस्था भएपछि २७ प्रतिशत महिलाको प्रतिनिधित्व भएको अवस्था छ। तर सबै महिलालाई एउटै क्लस्टरमामा राख्दा मधेशी, मुस्लिम र दलित महिलाले खासै उपलब्धि प्राप्त गर्न सकेका छैनन्।

महिला, दलित, जनजाति, मधेसी, मुस्लिम, थारू साथै विभिन्न भौगोलिक क्षेत्रबाट प्रतिनिधित्व गर्ने वर्गका लागि प्रशस्त गृहकार्य हुन सकिरहेको छैन। समावेशिताको मुद्दा एकातिर जोडतोडले उठिरहेको भएपनि यसले अस्थिरता निम्ताउने खतरा पनि देखिने भएकाले यसका लागि मध्यम बाटो अवलम्बन नगरी सुख छैन। विशेषगरी महिलाहरुले अवसर र अधिकार नपाएको गुनासो गरिरहेका छन्। विभिन्न निकाय, जात, समुदाय, क्षेत्र वा भूगोलका महिलाले समान अधिकार पाउनुपर्ने आवाजलाई सम्बोधन गर्नुपर्छ।

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, अपाङगता भएका, एकल, ग्रामीण इलाकामा बस्ने, अशिक्षित, राजनीतिक पहुँच भन्दा टाढा रहेका महिलाले पनि समान अवसर पाउने व्यवस्था संविधानले सुनिश्चित गर्नुपर्छ। प्राकृतिक स्रोत साधनमा स्थानीय महिलालाई प्राथमिकता दिनेदेखि महिलाहरुको लागि कुनै व्यवसाय सन्चालन गर्नको लागि लगानीमा ऋण सहुलियतको विषय पनि संशोधनको मुद्दाका रुपमा अगाडि सार्नु आवश्यक छ।

राष्ट्रपति एक पटक महिला दोस्रो पटक पुरुष गरी आलोपालो प्रणालीमा निर्धारण गर्न, न्यायपालिकामा महिलाको सहभागिता ५० प्रतिशत पुऱ्याउन, न्याय परिषद्को सदस्यमा अनिवार्य महिलाको सहभागिता गराउन, विभिन्न संवैधानिक निकायहरुको नेतृत्वमा महिलाहरुलाई आलोपालोकै आधारमा अवसर प्रदान गर्न पनि उत्तिकै जरुरी देखिन्छ। सेना, प्रहरीको हरेक संरचनामा महिलाको ५० प्रतिशत सहभागिता गराउन, राष्ट्रपति, उपराष्ट्रपति, पालिका प्रमुखसम्मको उम्मेदवार तयार गर्दा महिलालाई अनिवार्य सहभागिता खोज्नुपर्ने दायित्व संविधान संशोधनका बेला खोजिनु पर्छ।

नेपालको संविधान २०७२ को प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरिएको छ। उक्त सङ्कल्पलाई व्यवहारमा परिणत गर्न महिला र पुरुषबीच सबै खाले विभेद् अन्त्य गर्ने गरी संविधान संशोधन गर्न आवश्यक भइसकेको छ। *(लेखक नेपाली कांग्रेसको पेशागत तथा बुद्धिजीवी विभागको प्रमुख हुनुहुन्छ)*

# यौन तथा प्रजनन स्वास्थ्य र यौनिकता शिक्षामा अग्रसरता लिँदै नेपाल परिवार नियोजन सङ्घ

काठमाडौं १ असोज (रासस)।

यौन तथा प्रजनन स्वास्थ्य तथा परिवार योजना सेवा प्रदायक अगुवा संस्था नेपाल परिवार नियोजन सङ्घले आफ्नो ६५औं स्थापना दिवस विविध कार्यक्रम आयोजना गरी मनाउँदैछ। समाजसेवी द्वारिकादेवी ठकुरानीको पहल र सक्रियतामा विसं २०१६ अजोज २ गते सङ्घको स्थापना भएको थियो। नेपालमा यौन तथा प्रजनन स्वास्थ्य सेवा प्रदान गर्ने अग्रणी एवं पुरानो संस्था सङ्घले हाल ३१ जिल्लामा रहेका आफ्ना सेवा केन्द्रमार्फत ३५० नगरपालिका तथा गाउँपालिकामा विस्तारित कार्यक्रम तथा सेवा केन्द्रमार्फत समुदायमा आफ्ना सेवा पुऱ्याइरहेको छ।

सङ्घद्वारा जारी विज्ञप्तिका अनुसार सङ्घले विशेषगरी सेवासुविधाबाट वञ्चित, अल्पसङ्ख्यक, सीमान्तीकृत तथा जोखिम समुदायमा यौन तथा प्रजनन स्वास्थ्यका सूचना तथा सुलभ र गुणस्तरीय सेवा पुऱ्याइरहेको छ। सङ्घका ८० प्रतिशतभन्दा बढी सेवाग्राही सोही समुदायका छन्।

नेपालमा परिवार नियोजन कार्यक्रमको सुरुआत गरेको दिन १८ सेप्टेम्बर १९५९ लाई आधार मानेर स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सन् २०१४ मा प्रत्येक वर्ष सेप्टेम्बर १८ लाई राष्ट्रिय परिवार नियोजन दिवस मनाउने निर्णय गरेको थियो। सोही अनुसार सङ्घले बुधबार विभिन्न कार्यक्रम आयोजना गरी '११औं राष्ट्रिय परिवार योजना दिवस' तथा '६५औं नेपाल परिवार नियोजन सङ्घ स्थापना दिवस' मनाउन लागेको हो। यस वर्षको परिवार योजना दिवसको नारा 'सुसूचित छनौटसहितको परिवार योजना सेवाः प्रजनन स्वास्थ्य अधिकार प्राप्तिमा टेवा' भन्ने रहेको छ।

यौन तथा प्रजनन स्वास्थ्य तथा परिवार योजना सेवाको अधिकार हरेक व्यक्तिको समान मानव अधिकार हो र सबै वर्गले यसको निर्वाध रूपमा उपभोग गर्न पाउनु पर्दछ भन्ने मुख्य ध्येयका साथ स्थापित सङ्घले अन्तर्राष्ट्रिय परिवार नियोजन महासङ्घको सदस्य सङ्घका रूपमा कार्यरत रहेको छ।

सङ्घले गैरसरकारी क्षेत्रबाट प्रदान गरिने परिवार नियोजन सेवाको अधिकांश हिस्सा ओगटेको छ। तथ्याङ्कअनुसार सङ्घले सन् २०२३ मा करिब ३६ लाख यौन तथा प्रजनन स्वास्थ्यका विविध सेवा प्रदान गरी करिब एक लाख अनिच्छित गर्भधारण, ४३ मातृमृत्यु, ५० हजार असुरक्षित गर्भपतन र ३०० बाल मृत्युदर घटाउन योगदान पुऱ्याएको विज्ञप्तिमा उल्लेख छ। विज्ञप्तिमा भनिएको छ,"सुरक्षित गर्भपतन सेवामा सङ्घले १४ प्रतिशत योगदान पुऱ्याउँदै आइरहेको छ। सङ्घले, यौन तथा प्रजनन सेवाबाट कोही पनि वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले हाल एचआईभीको जोखिममा भएका व्यक्तिहरूलाई एचआइभी सङ्क्रमणबाट जोगाउन पाल्पा तथा सुनसरी जिल्लामा आफ्ना शाखा कार्यालयमार्फत प्रेप सेवा सञ्चालन गर्दै आइरहेको छ। सङ्घले आगामी वर्षमा थप चार लाख यौन तथा प्रजनन स्वास्थ्य सेवा प्रदान गर्ने लक्ष्य लिएको छ।"

सङ्घले विपद् तथा कोरना महामारीका अवस्थामा पनि प्रभावित जनसमुदायमा न्यूनतम आधारभूत प्रजनन स्वास्थ्य सेवाहरू उपलब्ध गराउँदै आइरहेकोछ। विसं २०८० को जाजरकोट भूकम्प प्रभावित क्षेत्रमा ४६ घुम्ती स्वास्थ्य शिविर सञ्चालन गरेको जनाएको छ। ती शिविरमा एक लाख पाँच हजार व्यक्तिलाई ५५ हजार ६८५ यौन तथा प्रजनन स्वास्थ्य, परिवार नियोजनका विविध सेवा, परामर्श एवम् आपत्कालीन मर्यादा राहत सामग्री प्रदान गरेको विज्ञप्तिमा उल्लेख छ। सङ्घले विपद्को बेलामा गरेको सो उत्कृष्ट सेवालाई कर्णाली प्रदेश स्थानीय सरकार तथा विभिन्न पालिकाहरूले कदरपत्रले सम्मान गरेको जनाइएको छ।

**नयाँ रणनीतिक योजना**

सङ्घले सन् २०२३ देखि २०२८ सम्मका लागि नयाँ रणनीतिक योजना निर्धारण गरेको छ। यसमा परिवार नियोजन, योजनाका साथसाथै व्यक्ति केन्द्रित सेवा, यौनिकता शिक्षामा अग्रसरता, परिवर्तनका लागि एकबद्धता, संस्थागत वृत्तिविकास र दिगोपना जस्ता मुख्य स्तम्भ रहेका छन्। यी स्तम्भमा आधारित यौन तथा प्रजनन स्वास्थ्य र अधिकारका कार्यक्रम अगामी ५ वर्षसम्म विस्तार गर्दै सरकारले निर्धारण गरेको दिगो विकासका लक्ष्यहरू हासिल गर्न सहयोग पुऱ्याउनु रणनीतिको मुख्य उद्देश्य रहेको छ।

सङ्घले उपलब्ध गराएको विभिन्न सेवा सङ्ख्या अन्तर्गत सन् २०१७ मा ३० लाख ९४ हजार, सन् २०१८ मा ३० लाख ६० हजार, सन् २०२० मा ३२ लाख ४५ हजार, सन् २०२१ मा ३५ लाख ९७ हजार, सन् २०२२ मा ३८ लाख ६० हजार, सन् २०२३

*बाँकी तीन पृष्ठमा*

# बालश्रम शोषण ऐनको प्रभावकारी कार्यान्वयनमा चुनौती

**सुशील दर्नाल**
काठमाडौँ, १ असोज (रासस)।

बालश्रम शोषणसँग जोडिएका ऐन तथा कानुनको व्यावहारिक रुपमा प्रभावकारी कार्यान्वयन हुन नसक्दा बालश्रम शोषण अन्त्य गर्ने विषय नारामा सीमित भएको छ। बालश्रम शोषणसँग सम्बन्धित बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६, सान्दर्भिक कानुन अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५, बालबालिकासम्बन्धी ऐन, २०७५, देवानी अपराधसंहिता २०७४, श्रम ऐन २०७४, मानव ओसारपसार तथा बेचबिखन नियन्त्रण ऐन, २०६४ को व्यावहारिक रुपमा कार्यान्वयन नहुँदा अहिले पनि बालबालिका अनौपचारिक श्रम क्षेत्र (कृषि, घरेलु, साना होटेल, सार्वजनिक यातायात, निर्माण, माटो, बालुवा तथा गिटी खानीलगायत क्षेत्रमा काम गर्न बाध्य छन्।

नेपालको संविधानको धारा, ५१ मा राज्यका नीतिअन्तर्गत भ (३) बालश्रमलगायत सबै श्रमका शोषण अन्त्यका प्रतिबद्धता गरेको छ। संवैधानिक रूपमा निषेधित र दण्डनीय भनी संविधानको धारा ३९ मा पनि उल्लेख गरिएको छ। विशेष गरी नेपालको संविधानको धारा, ५१ मा राज्यका नीतिअन्तर्गत भ (३) बालश्रमलगायत सबै श्रमका शोषण अन्त्यका प्रतिबद्धता गरेको छ। ती प्रतिबद्धता प्रभावकारी रूपमा कार्यान्वयन भएका छैनन्।

नेपालको कानुनी व्यवस्थाअनुसार '१४ वर्षभन्दा कम उमेरका बालबालिकालाई रोजगारमा संलग्न गराउनु र १८ वर्षभन्दा कम उमेरका बालबालिकालाई जोखिमपूर्ण श्रम तथा व्यवसायमा संलग्न गराउनु बालश्रम हो' भनी व्यवस्था गरिएको छ।

बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ मा कसैले पनि १४ वर्ष उमेर पूरा नगरेका बालकलाई श्रमिकका रुपमा काममा लगाएमा वा कसैले बालबालकलाई जोखिमपूर्ण व्यवसाय वा काममा लगाएमा तीन महिनासम्म कैद वा रु १० हजारसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरिएको छ। यसको पनि व्यावहारिक कार्यान्वयन हुन सकेको छैन।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, बालसंरक्षण तथा विकास शाखाका शाखा प्रमुख दीपक ढकालले मन्त्रालयले बालबालिका श्रम शोषणमा परेको कहींकतैबाट सूचना आएकामा तत्कालै उद्धारगरी त्यसको उचित व्यवस्थापन गर्दै आइएको राससलाई जानकारी दिनुभयो।

श्रममा संलग्न बालबालिकाको सङ्ख्या ११ लाख (बालबालिकाको सङ्ख्याको १५ प्रतिशत) रहेको जनाउँदै उहाँले जोखिमपूर्ण श्रममा संलग्न बालबालिकाको सङ्ख्या दुई लाख रहेको बताउनुभयो। "कर्णाली र सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी बालश्रम भएको पाइन्छ। मधेस, कर्णाली र सुदूरपश्चिमबाट हरेक वर्ष हजारौं बालबालिका रोजगारीका लागि भारत जाने गरेका छन्", उहाँले भन्नुभयो।

बालअधिकारका क्षेत्रमा कार्यरत संस्था आसमान नेपाल (एएसएन)ले गरेको अध्ययनअनुसार प्रायः सबै श्रमिक बालबालिकाले आफ्नो परिवारको आयआर्जनमा सहयोग गर्नका लागि रोजगारीको अवसर प्रदान गर्नुपर्ने अनुरोध सरोकार भएका निकायसँग गरेका पाइएको छ।

उक्त अध्ययनअनुसार श्रमिक बालबालिकाले आफ्नो शिक्षालाई निरन्तरता दिन चाहेका, सोका लागि स्थानीय सरकार र अन्य सङ्घसंस्थाले छात्रवृत्ति तथा शैक्षिक सामग्री उपलब्ध गरी सहयोग गर्नुपर्ने अपेक्षा राखेका छन्।

राष्ट्रिय बाल अधिकार परिषद्का उपाध्यक्ष बमबहादुर बानियाँले परिषद् आफूले बालश्रमका बारेमा अनुगमन गर्ने र परिषद्सम्म आएका मुद्दालाई समाधान गरी बालश्रम अन्त्यका लागि विभिन्न प्रयास गरिरहेको जानकारी दिनुभयो। कानुनविपरीत, जबर्जस्ती, इच्छाविपरीत कुनै पनि बालबालिकालाई रोजगारी वा काममा लगाउनु वा आयआर्जन गर्ने काममा संलग्न गराउनु बालश्रम भएको उल्लेख गर्दै यस्ता कार्यमा कसैले बालबालिकाको प्रयोग गर्न नहुनेमा उहाँले जोड दिनुभयो।

कमजोर आर्थिक अवस्था, आमाबुवा ईँटा उद्योगमा काम गर्न बसाइँ सर्ने हुँदा सँगै आउने, अभिभावकविहीन, संरक्षकको अभाव, आमाबुबाले वास्ता नगर्नुलगायत कारण बालबालिकाले श्रम गर्नुपर्ने बाध्यता रहेको पाइएको परिषद्का उपाध्यक्ष बानियाँले बताउनुभयो।

उहाँका अनुसार मनोरञ्जन क्षेत्रमा काम गर्ने श्रमिक बालबालिकाले समयमा खाना खान नपाउने, धेरै काम तलब कम, समयमा तलब नदिने, मालिकले रातिमा सवारीसाधनको व्यवस्था नगर्ने, ग्राहकबाट पैसा नपाउने, यौन शोषणको सिकार हुने, मादक पदार्थ सेवन गरेका ग्राहकले दुर्व्यवहार गर्नेलगायत समस्या सहनुपर्ने भोग्दै आएका छन्।

त्यसैगरी ईँटाभट्टा, उद्योग कलकारखाना, घरेलु कामदार, यातायातलगायत विभिन्न क्षेत्रमा काम गर्ने श्रमिक बालबालिकाले मालिकले नराम्रा गालीगलौज गर्दा सहनुपर्ने, विद्यालय जानबाट वञ्चित, शरीरमा घाउ चोट लाग्ने, बिहानै उठ्नुपर्ने, आराम नपुग्ने, राति ढिलासम्म काम गर्नुपर्ने, अत्यधिक धुवाँधुलोमा काम गर्नुपर्ने, गह्रौंगो सामग्री उचाल्ने/बोक्न पर्नेलगायत समस्या भोग्दै आएका छन्।

यस वर्ष 'बालबालिकामा लगानीः सुनिश्चित भविष्यको थालनी' भन्ने नारासहित ६०औँ राष्ट्रिय बाल दिवस-२०८१ मनाएको छ। हरेक वर्ष नारा तय गर्दै दिवसलाई औपचारिक कार्यक्रममा मात्रै सीमित गर्नेभन्दा पनि सरकारले बालश्रम शोषण अन्त्यलाई व्यावहारिक रुपमा कार्यान्वयन गर्नुपर्ने सरोकार भएकाहरु बताउँछन्।

बालश्रम निर्मूलनका लागि मुलुकले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा व्यक्त गरेको प्रतिबद्धता, तर्जुमा भएका कानुन, नीति, योजना तथ्य कार्यक्रम तदनुरूप प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिन्छ।

# स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र वास्तु

**भरतमणि ज्ञवाली**
काठमाडौँ, १ असोज (रासस)।

मंगलबार विश्वकर्मा अर्थात् वास्तु दिवस। वास्तु दिवसको सन्दर्भ पारेर 'वास्तुविज्ञान डटकम'ले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको वास्तु अनुगमन गरेको छ। नेपाली जनतालाई स्वस्थ राख्ने जिम्मेवारी यसै मन्त्रालयको हो। यसलाई जनस्वास्थ्य जस्तो चुनौतीपूर्ण क्षेत्रको जिम्मेवारी छ।

वास्तु विज्ञानको अनुगमन टोलीले प्रशासनिक वास्तुका आधारमा मन्त्रालयको मुख्य मुख्य स्थानलाई प्राथमिकतामा राखेर प्रारम्भिक अनुगमन गरेको छ। अनुगमन टोलीका अनुसार मन्त्रालयको समग्र निर्माण प्रक्रियाको नक्साङ्कन प्राप्त भएको छैन। प्रारम्भिक अनुगमनमा मन्त्रालयको मूलप्रवेश, भित्री मुख्य प्रवेश, मन्त्रीको कार्यकक्षको अवस्था, सचिवहरूको कार्यकक्ष, शौचालयहरूको अवस्थालगायतलाई प्राथमिकतामा राखी वास्तुदोष भए-नभएको परीक्षण गरेको छ। त्यसैगरी मन्त्रालय भवनको अवस्था, त्यहाँ प्रयोग भएको रङ, पानी, फोहोर पानी तथा ढलको निकास, सिँढीहरूको स्थान, भवनको ब्रह्मस्थान, बैठक कक्ष, मन्त्री-सचिव-विभागीय प्रमुखहरूको बसाइ तथा दिशाको अध्ययन गरेको छ।

मन्त्रालय पूर्वाभिमुख रहेकाले मुख्य प्रवेशलाई सकारात्मक मान्न सकिए पनि मन्त्रीको कार्यकक्ष दक्षिणपूर्वमा छ। सामान्यतः दक्षिणपूर्वका प्रमुखहरू क्षणिक ऊर्जावान् देखिए पनि दिगो नहुने गरेको पाइन्छ। मन्त्रालयको शौचालयको अवस्था सकारात्मक नदेखिएकाले कर्मचारीमा उत्साह र उमङ्ग न्यून देखापर्छ। शौचालयले नै मन्त्रालयको प्रमुख वास्तुदोष उत्पन्न गरेको छ।

बाहिरी प्रवेश र भित्री प्रवेशको प्रत्यक्ष अर्थात् आमनेसामने हुनु पनि वास्तुशास्त्रले सकारात्मक मान्दैन। मन्त्रीको कार्यकक्ष भवनको आग्नेय क्षेत्रमा छ। यस क्षेत्रले ऊर्जावान् बनाए पनि समग्र मन्त्रालयभित्र वर्चस्व कायम राख्न सहयोग गर्दैन।

सचिवको कार्यकक्ष पनि पूर्वीभागमै छ। वास्तु सिद्धान्तअनुसार प्रशासन चलाउने उच्च कर्मचारीको अवस्थालाई मन्त्रालयमा ख्याल राखिएको छैन। अतिरिक्त सचिवको कार्यकक्ष भने पश्चिमी भागमा छ। यसले त्यहाँको जिम्मेवारी पाउने अतिरिक्त सचिव अन्यभन्दा प्रभावशाली रहेको पाइन्छ। यसको प्रभाव मन्त्रालयले भोग्दै आएको छ। विगतदेखि नै केही सचिवहरू अनावश्यक विवादमा पर्नाको महत्त्वपूर्ण कारक मन्त्रालयको वास्तुदोष भएको 'वास्तुविज्ञान डटकम' को निष्कर्ष छ। पूर्वी इशान क्षेत्रका शौचालयका कारण उच्चपदस्थ कर्मचारीमा समन्वय र सहयोगको वातावरण कम हुन्छ।

सामान्यतया वास्तुशास्त्रले निर्माणमा मात्र जोड दिँदैन। यसले निर्माण गरिएका भवनको साजसज्जा, कर्मचारीको कार्यक्षेत्रका आधारमा दिशाहरूको चयन, टेबल र कुर्सीको अवस्था, विद्युतीय उपकरण, रङरोगनलगायतलाई विशेष ख्याल राख्न सिफारिस गर्छ। भवनको ऊर्जालाई पञ्चतत्त्वको सन्तुलनले व्यवस्थित गरिनुपर्छ जसबाट कार्यालयको वातावरण अनुकूल भई कर्मचारीबिचमा मित्रवत् र सद्भाव कायम राख्न मद्दत गर्छ र लक्षित लाभ प्राप्त सहज हुन्छ।

मन्त्रालय मुख्यप्रवेश नजिक अनावश्यक पार्किङ या अन्य सामान राखिनु राम्रो मानिँदैन। भवनको ब्रह्मस्थान सकेसम्म खाली होस् भन्नेमा ध्यान दिनुपर्छ। भूमिगत जलस्रोत वा पानीका लागि पूर्वी दिशा शुभ मानिए पनि स्वास्थ्य मन्त्रालयको पूर्वी भागमा प्रायःजसो ढलको फोहोर पानी जमेको पाइन्छ जसले वास्तुदोष सिर्जना गरेको छ। मन्त्रालयको पूर्वी भागको सडक अग्लो भइसकेकाले मन्त्रालयमा पूर्वी ऊर्जा जति सकारात्मक हुनुपर्ने हो नभई कमजोर छ। वास्तु सिद्धान्तअनुसार मन्त्री, सचिव, सहसचिव तथा विभागीय प्रमुख एवं निर्देशकहरू कार्यालयको दक्षिणपश्चिम दिशामा पूर्वाभिमुख भएर व्यवस्थित गरिनुपर्छ तर सो मन्त्रालयमा मन्त्री तथा सचिवको कार्यकक्ष पूर्वीभागमा छ। इशानको शौचालयपूर्वको कार्यकक्ष यी पक्ष वास्तुदोषको उपज हो। चमेना गृहलाई पूर्वदक्षिण वा उत्तर-पश्चिम दिशामा, सिँढीलाई दक्षिण, पश्चिम वा दक्षिणपश्चिम दिशामा र मन्दिर या पूजा कोठा पूर्वोत्तर दिशामा व्यवस्थित गरिनुपर्छ।

राजा महेन्द्रका पालामा विदेशबाट वास्तुशास्त्री ल्याएर बनाएको भनिएको सो मन्त्रालयले वास्तुविज्ञानको मान्यतालाई व्यावहारिक प्रयोगमा ल्याउँदा परिणाम सकारात्मक आउने छ। सरकारले आफ्नो कार्यक्षमतामा सकारात्मकता ल्याउन वास्तुविज्ञानको सिद्धान्तलाई अपनाउनु अनिवार्य छ। सरकारले आफ्ना मातहतका कार्यालयलाई वास्तुविज्ञानका सिद्धान्तअनुरूप परिमार्जन गर्नु जाती हुने छ। (लेखकको यो निजी विचार हो)

### *यौन तथा प्रजनन...*

मा ३५ लाख ९६ हजार रहेका विज्ञप्तिमा उल्लेख छ।

**एकीकृत यौन तथा प्रजनन स्वास्थ्य सेवा**

विज्ञप्तिमा भनिएको छ, "परिवार नियोजन, सुरक्षित गर्भपतन, स्त्रीरोग, (पाठेघरको मुखको क्यान्सर परीक्षण सेवा समेत) गर्भवती जाँच, बाँझोपना, यौन सङ्क्रमण तथा एचआइभी परीक्षण तथा परामर्श, लैङ्गिक हिंसा तथा खोप र अन्य प्रजनन स्वास्थ्यसम्बन्धी परामर्श तथा सेवा जारी रहेका छन्। आगामी दिनमा विशेषगरी महिला तथा किशोरी जीवनस्तर माथि उकास्ने यस्ता सेवा प्रदान गर्न अनवरत तल्लीन रहने छौं।" यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी परामर्श तथा सेवाको जानकारीका लागि सङ्घले निःशुल्क हेल्प लाइन सेवा १६६००१४५००० सञ्चालन गरिरहेको छ।

## विश्व समाचार

### नाइजेरियामा बाढीका कारण चार लाख प्रभावित : राष्ट्रसंघ

राष्ट्रसङ्घ, १ असोज (रासस/सिन्ह्वा)।

उत्तरपूर्वी नाइजेरियामा बाढीबाट चार लाख भन्दा बढी पीडित भएको र उनीहरुका लागि प्राथमिक खाद्य सहायता, पिउने पानी, सरसफाई आवश्यकता रहेको संयुक्त राष्ट्रसङ्घीय मानवतावादीहरूले बताएका छन्। मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालय (ओसिएच) ले राष्ट्र सङ्का एजेन्सी, गैरसरकारी संस्था (एनजिओ) र नाइजेरिया रेड क्रस सोसाइटीका प्रमुखको संयुक्त मिसनले प्रभावित क्षेत्रको साताव्यापी भ्रमण गरी प्रभावित तथा सरकारी अधिकारीसँग समन्वय गरेको जनाएको छ। लामो द्वन्द्व सँगै बाढीका कारण पटक-पटक विस्थापित भएका उनीहरूलाई यथासिघ्र सहयोग चाहिएको जनाइएको छ। विपद्को समयमा लैङ्गिक हिंसाको जोखिम कम गरी महिला तथा बालबालिकाको सुरक्षाको लागि सक्षम सुरक्षा गतिविधिहरू तत्काल आवश्यकता रहेको कार्यालयले जनाएको छ। ओसिएइचएका अनुसार सेप्टेम्बर-९ मा अलाउ बाँध क्षतिग्रस्त हुँदा तीन लाख मानिसहरु विस्थापित भएका थिए। मैदुगुरीमा बाढीले अन्य महत्वपूर्ण पूर्वाधारसहित दुईवटा महत्त्वपूर्ण पुलहरू आंशिक रूपमा ध्वस्त हुँदा सडकको पहुँच बाट वञ्चित छ।

"सरकारी प्रयासको समर्थनमा, राष्ट्रसङ्घ र मानवीय साफेदारहरूले प्रभावित क्षेत्रमा खाना उपलब्ध गराइ रहेको कार्यालयले जनाएको छ। कार्यलयले यसका साथै पानी ,सरसफाइ र रोगको प्रकोप रोक्न पानी शुद्धिकरण "ट्याब्लेटहरू" प्रदान गरिरहेको उल्लेख गरेको छ। ओसिएइचएले नाइजेरियाका लागि संयुक्त राष्ट्रसङ्घीय मानवीय समन्वयकर्ता मोहम्मद मलिक फलले नाइजेरियाको मानवीय कोषबाट छ मिलियन अमेरिकी डलरको कोष घोषणा गरेको जनाएको छ। कार्यलयका अनुसार पिडितहरुको जिवन बचाउन थप स्रोत र कोषको आवश्यकता छ। बाढीका कारण नाइजेरियामा तीन करोड बीस लाख मानिसहरू गम्भीर खाद्य असुरक्षाको सामना गरिरहेको पुष्टि गर्दै ओसिएइचएले बाढीले एक लाख २५ हजार हेक्टरभन्दा बढी खेतीयोग्य जमिनमा क्षति पुगेको जनाएको छ। कार्यलयका अनुसार बाढीका कारण "बोर्नो, आदामावा र योबे राज्यमा मात्र ४.८ मिलियन मानिसले गम्भीर खाद्य असुरक्षाको सामना गर्न बाध्य छन भने दुईलाख ३० हजार बालबालिका कुपोषणको खतरामा परेका छन्। खाद्य मुद्रास्फीतिका कारण खाद्य पदार्थको मूल्य तीन गुणा वृद्धि भएको छ भने बाली नालीको क्षतिले थप चिन्ता थपिएको छ।

### जातीय द्वन्द्वपछि मणिपुरमा विद्यालय तथा इन्टरनेट सेवा सुरु

नयाँदिल्ली, १ असोज (रासस/एएफपी)।

जातीय हिंसा तथा प्रदर्शनकारी र प्रहरी बीचको झडपका कारण बन्द भएको एक हप्ता पछि भारतको उत्तरपूर्वी राज्य मणिपुरमा मङ्गलबार देखि विद्यालयहरू पुनः खोलिएको स्थानीय सरकारले जनाएको छ। मणिपुरमा सन् २०२३ मे मा सुरु भएको हिन्दू मेइतेई बहुमत र इसाई कुकी समुदायबिच लडाइँका कारण कम्तिमा २०० जनाको ज्यान लिएको स्रोतले जनाएको छ। त्यहि समय देखि युद्धग्रस्त म्यानमारको सिमानामा रहेको उत्तरपूर्वी राज्यमा समुदायहरू प्रतिद्वन्द्वी समूहहरूमा विभाजित भएका छन्।

केही समयको सापेक्षिक शान्ति पछि, पछिल्लो समय फेरि हिंसा बल्भिँदा कम्तिमा ११ जनाको मृत्यु भएको थियो। मणिपुरको राजधानी इम्फालमा लडाइँको विरोधमा मेइतेई विद्यार्थीले गरेको प्रदर्शनले हिंसात्मक रुप धारण गर्दा राज्यका केही भागहरूमा कर्फ्यू र इन्टरनेट ब्ल्याकआउट जारी गर्न बाध्य तुल्यायो। हाल हिंसा कम भएसँगै इन्टरनेट सेवा पुनःस्थापित भएको छ भने मङ्गलबारदेखि सबै विद्यालयमा सामान्य कक्षाहरू पुन : सुरु गर्न सरकारी आदेश जारी गरिएको छ। मणिपुरका मुख्यमन्त्री वीरेन सिंहले सबैलाई जिम्मेवारीपूर्वक इन्टरनेट प्रयोग गर्न तथा शान्ति र सद्भाव बिगार्ने कुनै सामग्री पोस्ट नगर्न आग्रह गर्नु भएको छ। यसैबीच अधिकारकर्मीहरूले स्थानीय नेताहरूले राजनीतिक लाभका लागि जातीय विभाजन बढाएको आरोप लगाएका छन्।

### मलेसियन प्रहरीद्वारा बाल दुर्व्यवहारको आरोपमा एकै समूहको १ सय बैंक खाता फ्रिज

क्वालालम्पुर, १ असोज (रासस/एएफपी)।

मलेसियाली अधिकारीले सयौं बालबालिकामाथि दुर्व्यवहार गरेको आरोपमा हेरचाह केन्द्र सञ्चालक समूहको १ सय वटा बैंक खाता फ्रिज गरेको प्रहरीले मङ्गलबार जनाएको छ। प्रहरीले इस्लामिक धार्मिक शिक्षक र कल्याणकारी घरहरुको हेरचाह गर्नेसहित १ सय ७१ संदिग्धहरुलाई पक्राउ गरेको छ र २० वटा हेरचाह गृहबाट ४ सयभन्दा बढी बालबालिकाको उद्धार गरेको छ। प्रहरीले लामो समयदेखि अहिले-निष्क्रिय अल-अर्काम सम्प्रदायसँगको सम्बन्धका लागि विवादास्पद रहेको ग्लोबल इखवान सर्भिस एन्ड बिजनेस (जीआईएसबी) समूहलाई अनुसन्धानको दायरामा राखेको छ। मलेसियाका प्रहरी प्रमुख रज्जारुद्दीन हुसेनले मङ्गलबार अधिकारीले यस समूहसँग सम्बन्धित ९६ वटा बैङ्क खाताहरू फ्रिज गरेको बताउनुभयो जसमा लगभग १ लाख २४ हजार डलर रहेको थियो।

"हामीले कम्पनीसँग सम्बन्धित आठवटा सवारी साधन पनि जफत गरेका छौं", उहाँले बताउनुभयो। प्रहरीले छापा मारेलगत्तै जीआईएसबीले सेलाङ्गोर र नेगेरी सेम्बिलान राज्यमा भएको घटनाको आरोप अस्विकार गर्दै आफूले उक्त क्षेत्रमा हेरचाह केन्द्र सञ्चालन नगरेको बताएको थियो। तर शनिबार कम्पनीको फेसबुक पेजमा पोस्ट गरिएको भिडियोमार्फत प्रमुख कार्यकारी अधिकारी नसिरुद्दीन अलीले व्यापक दुर्व्यवहारको आरोपलाई अस्वीकार गर्दै आफूले सञ्चालन गरेको आश्रयस्थलहरूमा एक वा दुई यौन दुर्व्यवहारको घटना भएको भने स्विकार गर्नुभएको छ। मेडिकल स्क्रिनिङबाट कम्तिमा १३ जना बालबालिकाले यौन दुर्व्यवहार भोगेको पुष्टि भएको गत हप्ता राजारुद्दिनले बताउनुभएको थियो। यो मुद्दाले मलेसियामा हेरचाह केन्द्रमा बालबालिकाको कल्याण र परोपकारी संस्थाहरूको नियमनको बारेमा चिन्ता उत्पन्न गरेको छ।

# पर्सामा बीमाप्रतिको आकर्षण कम

वीरगञ्ज (पर्सा), १ असोज (रासस) ।

आर्थिक र औद्योगिक नगरीको रुपमा परिचित पर्सा जिल्लामा जीवन बीमाप्रति सर्वसाधारणको आर्कषण न्यून देखिएको छ । बीमासम्बन्धी जनचेतनाको कमीले यहाँका सर्वसाधारणमा बीमाप्रतिको आकर्षण न्यून देखिएको हो ।

नेपाल बीमा प्राधिकरणका अनुसार आव २०८०/८१ सम्मको अवधिमा जीवन बीमा शुल्क सङ्कलनमा पर्साको हिस्सा एक दशमलव ८८ प्रतिशत मात्रै छ । प्राधिकरणका निर्देशक सुशीलदेव सुवेदीले आर्थिक र औद्योगिक नगरीको रुपमा पर्सा चिनिए पनि जीवन बीमा र निर्जीवन बीमाप्रति सर्वसाधारणको आकर्षण न्यून रहेको जानकारी दिनुभयो ।

"जिल्लामा आव २०८०/८१ सम्मको अवधिमा जीवन बीमा तर्फ जारी बीमालेख सङ्ख्या १२ हजार ५५ रहेको छ", उहाँले भन्नुभयो, "जीवन बीमाको सक्रिय बीमालेख सङ्ख्या १२ लाख तीन हजार चार सय ७७ छ ।" प्राधिकरणका अनुसार गत आवमा जिल्लामा जीवन बीमाको भुक्तानी सङ्ख्या छ हजार आठ सय २० रहेको थियो । सो अवधिमा दाबी भुक्तानी रकम रु ८७ करोड ८८ लाख रहेको छ ।

जिल्लामा आव २०८०/८१ सम्म जारी निर्जीवन बीमा लेख सङ्ख्या ८४ हजार सात सय २३ रहेको छ । सो अवधिमा निर्जीवन बीमातर्फ बीमा शुल्क सङ्कलन एक अर्ब १३ करोड १६ लाख रहेको छ ।

त्यस्तै निर्जीवन बीमा शुल्क सङ्कलनमा जिल्लाले दुई दशमलव ७५ प्रतिशत मात्र हिस्सा ओगटेको छ । जिल्लामा निर्जीवन बीमाको दाबी भुक्तानी सङ्ख्या दुई हजार पाँच सय ६७ रहेको छ । सो अवधिमा निर्जीवन बीमाको दाबी भुक्तानी रकम रु ६४ करोड ८२ लाख रहेको छ ।

# यात्रा इजाजतप्राप्त हतियारसमेत सरकारी र सार्वजनिकस्थलमा लैजान नपाइने

काठमाडौँ, १ असोज (रासस) ।

यात्रा इजाजतप्राप्त हतियार नवीकरणका लागि सम्बन्धित कार्यालयमा बाहेक अन्यत्र सरकारी कार्यालय एवं सार्वजनिकस्थलमा लैजान नपाइने भएको छ । सरकारले गत भदौ ३१ गते सूचना प्रकाशित गरी यात्रा इजाजतपत्र प्राप्त हातहतियारसमेत न्यायिक निकाय, संसद् भवन तथा परिसर, हातहतियारको इजाजतपत्र लिएको कार्यालयमा इजाजतपत्र नवीकरणका लागि ल्याउने वा लैजाने प्रयोजनबाहेक लैजान नपाउने जनाएको हो ।

मुख्यगरी सरकारी कार्यालय, अस्पताल, विमानस्थल, सार्वजनिक सवारीसाधन, धार्मिक तथा शैक्षिकस्थल, सिनेमा हल, व्यावसायिक भवन, हाटबजार तथा सपिङ मल, सभा जुलुस भएको स्थान, पुरातात्विक र संरक्षितस्थल, बाल गृह तथा प्रचलित कानुनले निषेधित गरेका अन्य क्षेत्रमासमेत ती हतियार लैजान नपाउने गरी निषेध गरेको गृहमन्त्रालयले राजपत्रमा प्रकाशित गरेको सूचनामा उल्लेख छ ।

सूचनामा नेपाल सरकारले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ८ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा ३ बमोजिम हातहतियार राख्न वा लिएर हिँड्न इजाजतपत्र प्राप्त गरेका तर दफा ४ र ५ बमोजिम यात्रा इजाजतपत्र प्राप्त नगरेका हातहतियार घरबाहिर लैजान नपाउने जनाएको छ ।

राजपत्रमा प्रकाशित सूचनामा भनिएको छ, 'यात्रा इजाजतपत्र प्राप्त गरेका हातहतियारसमेत न्यायिक निकाय, संसद् भवन तथा परिसर, हातहतियारको इजाजतपत्र लिएको कार्यालयमा इजाजतपत्र नवीकरणका लागि ल्याउने वा लैजाने प्रयोजन बाहेक सरकारी कार्यालय, अस्पताल, विमानस्थल, सार्वजनिक सवारीसाधन, धार्मिक तथा शैक्षिकस्थल, सिनेमा हल, व्यावसायिक भवन, हाटबजार तथा सपिङ मल, सभा जुलुस भएको स्थान, पुरातात्विक र संरक्षितस्थल, बालगृह तथा प्रचलित कानुनले निषेधित गरेका अन्य क्षेत्रमासमेत लैजान नपाउने गरी निषेध गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।'

मेडिकल व्यवसायी दुर्गा प्रसाईंको अङ्गरक्षकले अदालत परिसरमा हतियार लगेको भेटिएपछि सर्वोच्चले त्यस विषयमा आवश्यक कानुन बनाउन आदेश दिए अनुसार सरकारले उक्त निर्णय गरी राजपत्रमा सूचना जारी गरेको हो ।

# चाडपर्वमा भरपर्दो सुरक्षा रणनीति बनाएर लागू गर्न महानिरीक्षकको निर्देशन

काठमाडौँ, १ असोज (रासस) ।

नेपाल प्रहरीका महानिरीक्षक वसन्तबहादुर कुँवरले आसन्न चाडपर्वहरूको समयमा कुनै पनि आपराधिक क्रियाकलापका घटना हुन नदिन भरपर्दो सुरक्षा रणनीतिका साथ प्रभावकारी सुरक्षा व्यवस्था मिलाउ निर्देशन दिनुभएको छ ।

महानिरीक्षक कुँवरले आपराधिक गतिविधिको सूचना सङ्कलन तथा विश्लेषण गरी सेवा प्रवाहमा कटिबद्ध हुन पनि देशभरका प्रहरीलाई निर्देशन दिनुभएको हो । प्रहरी प्रधान कार्यालयबाट सोमबार भर्चुअल माध्यमद्वारा समसामयिक विषयमा सम्बोधन गर्दै उहाँले त्यस्तो निर्देशन दिनुभएको हो ।

उक्त भर्चुअल सम्बोधनमा काठमाडौँ उपत्यका प्रहरी कार्यालय, प्रदेश प्रहरी कार्यालयहरू, नेपाल प्रहरी प्रदेश कार्यालय, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, प्रदेश प्रहरी तालिम केन्द्र, नेपाल प्रहरी विशेष सुरक्षा गण तथा प्रदेश प्रहरी गण र जिल्ला प्रहरी परिसर तथा जिल्ला प्रहरी कार्यालयहरूका प्रमुख तथा प्रतिनिधिहरू सहभागी थिए ।

सो क्रममा महानिरीक्षक कुँवरले आआफ्नो जिम्मेवार क्षेत्रमा सुरक्षा व्यवस्थापनको निम्ति आवश्यक सुरक्षा योजना निर्माण गर्ने, जनशक्तिको तयारी गर्ने, स्रोतसाधन उपलब्ध गर्ने एवं अन्य सुरक्षा निकायहरूसँग समन्वय र सहकार्य गरी कार्यसम्पादन गर्नुपर्ने बताउनुभयो । विशेष गरी चाडपर्वको अवसरमा सवारी दुर्घटना जस्तो दुःखदायी घटना हुन नदिन ट्राफिक व्यवस्थापन तथा सवारी दुर्घटना न्यूनीकरणको लागि सरोकारवाला सबै पक्षसँग समन्वय र सहकार्य गर्न आग्रह गर्नुभयो ।

चाडपर्व लक्षित ट्राफिक व्यवस्थापन तथा सवारी दुर्घटना न्यूनीकरण कार्ययोजना निर्माण गरी अनिवार्य रूपमा कार्यान्वयन गर्न उहाँले निर्देशन दिनुभयो । प्रहरी महानिरीक्षक कुँवरले तस्करसँग साठगाँठ कुनै हालतमा स्वीकार्य र क्षम्य नहुने उल्लेख गर्दै चोरी, निकासी पैठारी नियन्त्रणमा प्रहरीको भूमिका निष्पक्ष र प्रभावकारी हुनुपर्ने बताउनुभयो ।

सीमा क्षेत्रबाट हुने राजस्व चुहावट नियन्त्रण गर्न थप सक्रिय भई काम गर्नुपर्ने उहाँले बताउनुभयो । सिमान्तकृत, अल्पसङ्ख्यक, पिछडिएका वर्गलाई प्राथमिकतामा राखेर नागरिक सुनुवाइ तथा गुनासो सम्बोधनमा विशेष जोड दिनुपर्ने उल्लेख गर्दै सेवा प्रवाहमा प्रहरी कर्मचारी सहनशील भई आचारण, बोली, व्यवहार शिष्ट र सभ्य हुनुपर्ने उहाँले बताउनुभयो ।

***सामाजिक सञ्जाल ...***

पर्सा'मार्फत अपशब्द प्रयोग गर्ने, गाली गर्ने, हातहतियार प्रदर्शन गरेर डर त्रास सिर्जना गरेकाले पक्राउ गरेको जानकारी दिनुभयो ।

"पक्राउ परेका पटेलले अराजक गतिविधि गरी समाजमा द्वन्द्वको सिर्जना गर्ने जस्ता असामाजिक र अनैतिक क्रियाकलाप गरेकाले नियन्त्रणमा लिएका हौं," उहाँले भन्नुभयो, "सार्वजनिक शान्ति विरुद्धको कसुरमा थप अनुसन्धान भइरहेको छ ।" सो कार्यमा संलग्न अन्यको पनि खोजी भइरहेको प्रहरीले जनाएको छ ।

# दुई महिनाको सरकारी बजेट खर्च सात प्रतिशत

काठमाडौँ, १ असोज (रासस) ।

चालु आर्थिक वर्ष २०८१/८२ को सुरुवाती दुई महिनामा सरकारको बजेट खर्च करिब साढे सात प्रतिशत देखिएको छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार गत भदौ मसान्तसम्ममा कूल विनियोजनको सात दशमलव ३९ प्रतिशत अर्थात् रु एक खर्ब ३७ अर्ब ५५ करोड २७ लाख बराबर बजेट खर्च भएको हो ।

चालु आवका लागि सरकारले कूल रु १८ खर्ब ६० अर्ब ३० करोड ३० लाख बराबरको बजेट ल्याएको थियो । यो अवधिमा चालुतर्फ सात दशमलव २८ प्रतिशत अर्थात् रु ८२ अर्ब ९८ करोड ६५ लाख बराबर खर्च भएको छ । चालु आवका लागि सरकारले चालु शीर्षकमा रु ११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख बराबर विनियोजन गरेको थियो ।

पुँजीगत शीर्षकमा रु तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख बराबर बजेट विनियोजन भएकोमा चार दशमलव २३ प्रतिशत अर्थात् रु १४ अर्ब ८९ करोड ४० लाख बराबर खर्च भएको छ । वित्तीय व्यवस्था शीर्षकमा रु तीन खर्ब ६७ अर्ब २८ करोड ४५ लाख विनियोजन भएकामा १० दशमलव आठ प्रतिशत अर्थात् रु ३९ अर्ब ६७ करोड २२ लाख बराबर खर्च भएको छ ।

यही अवधिमा सरकारले वार्षिक लक्ष्यको ११ दशमलव ५२ प्रतिशत राजस्व असुली गरेको छ । चालु आवका लागि कूल रु १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख बराबर राजस्व उठाउने लक्ष्य राखेकोमा भदौ मसान्तसम्ममा रु एक खर्ब ६९ अर्ब ५१ करोड ७९ लाख बराबर सङ्कलन भएको छ ।

यो अवधिमा सङ्कलित राजस्वमध्ये कर राजस्वतर्फ वार्षिक लक्ष्यको ११ दशमलव ३१ प्रतिशत अर्थात् रु एक खर्ब ४५ अर्ब १९ लाख ३३ हजार असुली भएको छ । कर राजस्वतर्फ सरकारले कूल रु १२ खर्ब ८४ अर्ब २० करोड ९६ लाख बराबर उठाउने वार्षिक लक्ष्य राखेको छ ।

गैरकर राजस्वतर्फ रु एक खर्ब ३५ अर्ब नौ करोड ३४ लाख बराबर वार्षिक लक्ष्य राखिएकोमा १५ दशमलव ६९ प्रतिशत अर्थात् रु २१ अर्ब १९ करोड ४३ लाख बराबर सङ्कलन भएको छ । चालु आवका लागि सरकारले रु ५२ अर्ब ३२ करोड ६५ लाख बराबर वैदेशिक अनुदान उठाउने लक्ष्य राखेकोमा हालसम्म वैदेशिक अनुदान उठाउन सकेको छैन ।

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

तिरहुत गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय
सप्तरी

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

रुपनी गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय
सप्तरी

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

महादेवा गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय
सप्तरी

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*